मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति २०८१/०८/२० गते　　　बैठक संख्या : २०८१/८२-०६　　　समय : विहान ८:०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान : मनहरी गाउँपालिका को कार्यालय, लामिटाँर, सभाहल ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी　　　प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई　　　वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी　　　प्रशासन शाखा प्रमुख

मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यापालिका बैठकको निर्णयहरु

१. समिक्षा सम्बन्धमा
२. आर्थिक सहायता सम्बन्धमा
३. अन्तिम संस्कार रकम वितरण सम्बन्धमा
४. वडा कार्यालय र आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्बन्धमा
५. आयकर ठेक्का सम्बन्धमा ।
६. मृगौला प्रत्यारोपण गरेका डायलाईसिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार सम्बन्धमा ।
७. गृहणी महिला सशक्तीकरण कार्यक्रम् सम्बन्धमा ।
८. सडक बोर्ड नेपालसंगको योजना छनौट सम्बन्धमा ।
९. घ वर्गको व्यवसाय दर्ता सम्बन्धमा ।
१०. कृषि फर्म जग्गा रजिष्ट्रेशनको कर छुट सिफारिस सम्बन्धमा ।
११. रकमान्तर सम्बन्धमा ।
१२. पदपुर्ती सम्बन्धमा ।
१३. विभिन्न कानून कार्यविधि सम्बन्धमा ।
१४. तरकारी जोन क्षेत्र निर्धारणको लागि सिफारिस सम्बन्धमा ।
१५. सार्वजनिक संस्था, विद्यालय, वडा कार्यलिय, गाउँपालिकाको घर भवन नक्शा पास सम्बन्धमा
१६. शिर्षक परिवर्तन सम्बन्धमा ।
१७. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट तथा बजेट बाडँफाड सम्बन्धमा ।
१८. सवारी ईन्धन तथा मर्मत खर्च सम्बन्धमा ।
१९. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यापालिका बैठकको निर्णयहरु

:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/०८१ को प्रथम त्रैमासिक अवधिको समिक्षा २०८१ साल मंसिर २८ गते संचालन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने विपद्जन्य घटनाको लागि माग भई आएको रकम अनुसूची -१ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आव मा विनियोजित खर्च शिर्षक नं २२५२२ अन्तिम संस्कारमा सहयोग कार्यक्रमबाट २०८१ श्रावण महिना देखी २०८२ आषाढ समान्त सम्म मृत्यु हुनेहरुको घर परिवारलाई तपसिल अनुसार सहयोग खर्च भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :

१ वडा कार्यालयबाट नाताप्रमाणित सहित सिफारिस भई आएको विपन्नहरुलाई काजक्रिया सहयोग खर्च प्रति मृतक रु २० हजार भुक्तानी दिने ।

२ श्रद्धान्जली फेम र अन्य भेटघाट फलफूल तथा अन्य सामान बढिमा प्रतिव्यक्ति रु २०००/- दुई हजार वरावर खर्च गर्ने ।

३ मृत्युदर्ता अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र मृतकको सबैभन्दा नजिकको आफन्तलाई रकम उपलब्ध गराईनेछ ।

४ अन्य पालिकामा स्थायी ठेगाना भएको तर काजक्रिया यस पालिकामा भई अस्थायी रुपमा बसोवास भएकोमा वडा कार्यालयबाट बसोबास प्रमाणित गर्नुपर्ने ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मनहरी गाउपालिकाको वडा नं ३ को वडा कार्यालय भवन धेरै पुरानो जिर्ण भई जोखिम पूर्ण अवस्थामा भएकोले त्यसलाई भत्काई नयाँ वडा कार्यालय भवन वनाउनु पर्ने भएको साथै वडा नं ४ को वडा कार्यालय भवन र आधारभुत स्वास्थ्य सेवा केन्द्रको आफ्नै भवन नभएकोले सेवा प्रवाहमा समस्या भएको उपरोक्तानुसारको ३ वटै भवन

निर्माणको लागि ठेक्का प्रक्रिया अगाडी बढाउने र आवशयक रकम विनियोजन गरिदिनको लागि संघीय तथा प्रदेश सरकार सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | जग्गाको विवरण | कुल लागत अनुमान |
|---|---|---|---|---|
| १ | ३ | वडा कार्यालय भवन निर्माण | आफ्नै. ज.वि. | २,५०,००,०००/- |
| २ | ४ | मोतिदेवी स्मृती आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण | आफ्नै कि.न. १९७९ ज.वि ०-१-० कठ्ठा | ४७,९९,८५०/- |
| ३ | ४ | वडा कार्यालय भवन निर्माण | आफ्नै कि. नं. १९७८ ज.नि. ०-१-० र कि. नं. १९३५ ज.वि. ०-१-० कठ्ठा | २,९२,६३,१२८/- |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाले चालु आ.ब.नदीजन्य पदार्थको मिति २०८१/०६/१६ को कार्यपालिकाको बैठकले २,०५,७२७.५० घनमिटर नदीजन्य पदार्थ सुरु स्टक एकिन गरेको स्टकवाट प्रचलित नियमानुसार रु. ९.०० प्रति घनफिट का दरले विक्री शुल्क र रु. ०.२० प्रति घनफिटका दरले वातावरण शुल्क संकलन गर्ने गरी सोहि परिमाणमा बोलपत्र आह्वान भएकोमा बोलपत्र नलागे सम्म राजश्व परामर्श र कार्यपालिकाको निर्णय बमोजिम कार्यालय आफैले उक्त परिमाणवाट राजश्व संकलन गरिरहेको अवस्थामा बोलपत्र स्वीकृत भएको ठेकेदारले उक्त परिमाणमा ठेक्का सकार अंकको अनुपातमा रकम कट्टा गराई ठेक्का संझौता गर्न मिति २०८१/०८/१४ मा निवेदन पेश गरेको सन्दर्भमा मिति २०८१/०८/१९ गते वसेको राजश्व परामर्श समितिले समेत उक्त कार्यका लागि सिफारिस गरेकाले सो बमोजिम ठेक्का नलागे सम्मको अवधिमा कार्यालयले राजश्व संकलन गरेको नदीजन्य पदार्थको परिमाणमा वढावढको आधारमा निर्धारित राजश्वको दरमा नघटने गरी हिसाव मिलान गर्ने, यस प्रयोजनका लागि ठेकेदारले दोश्रो किस्ता रकम जम्मा गर्दा मिलान गर्ने वा स्वीकृत क्षेत्रवाट ठेकेदारले थप संकलन अनुमति माग गरेमा सोहि अनुसार अनुमति प्रदान गरी हिसाव मिलान गर्ने गरी उल्लेखित ब्यवस्थालाई ठेक्का संझौतामा समेत समावेश गरी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर तथा मेरुदण्डको पक्षघात भएका विपन्न विरामीहरुलाई माशिक उपचार खर्च (रु ५,०००)

उपलब्ध गराउन संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत प्राप्त बजेट खर्च गर्ने सन्दर्भमा बनेको कार्यविधि, २०७८ बमोजिम गरिब परिचय पत्र वितरण भएको जिल्लाको हकमा गरिव परिचय पत्रको आधारमा मात्र औषधि उपचार खर्च उपलब्ध गराउने भनिएको छ । यस पालिका क्षेत्रभित्र लक्षित रोग लागेका विरामीहरु बास्तविक रुपमा गरिब भएको तर गरिब परिचय पत्र लिन छुट भएको कारण नियमित औषधि उपचारमा समस्या परिरहेकोले उक्त कार्यविधि संशोधन गरी स्थानीय सरकारबाट गरिब छनौट भई सिफारिस भएका व्यक्ति तथा परिवारलाई पनि उपचार खर्च रकम उपलब्ध गराउन सकिने गरी कार्यबिधि संशोधन गरी सहयोग गरीदिनको लागि संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागमतगी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, गृहणी महिला सशक्तिकरण कार्यक्रममा गाउँपालिकाको तर्फबाट ३१% लागत साझेदारी वरावरको रकम रु ६५६६५९ आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक वजेट नीति तथा कार्यक्रमको समपुरक तथा अन्य सार्वजनिक निर्माण शिर्षकबाट गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को लागि सडक वोर्डको कार्यालयबाट प्राप्त हुने रु १० लाख मा गाउँपालिकाको तर्फबाट लागत साझेदारी वापतको २०% रकम समपुरक तथा अन्य सार्वजनिक निर्माण शिर्षकबाट व्यहोर्ने तथा योजना कार्यान्वयनको लागि वडा नं. ५ को वडा कार्यालय जानेबाटो स्तरीकरण र वडा नं. १ को चकरी घाटगद्दी नाला स्तरिकरण योजना छनौट गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा "घ" वर्गको निर्माण सम्बन्धी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुदाँ तपसिल बमोजिमको निर्माण व्यवसायी, फर्म, कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | फर्मको नाम | संचालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १ | एस. आर. मनहरी कन्ट्रक्शन प्रा. ली. मनहरी ८ | एकराज कालाखेती | ६०९५५३३२ | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ३ का अच्युत अधिकारीले वडा नं. ३ मा बासु नन्द पशु तथा कृषि फर्म प्रा. ली संचालन गर्नु भएकोले उक्त फर्मको

नाममा जग्गा रजिष्ट्रेशन गर्न प्रदेश आर्थिक ऐन, २०८१ को अनुसुचि १ को (घ) को बुदाँ नं. ३ मा भएको व्यवस्था बमोजिम जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा नियमानुसार पचास प्रतिशत छुट गरिदिन मालपोत कार्यालयलाई गरिएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिका प्रशासकीय भवन निर्माण स्थलमा सहज रुपमा ढुवानी साधन जानको लागि बाटो कटान गर्नुपरेको साथै वडा नं. ९ रजैया चोकमा ग्याविन उठाई ह्युमपाईपबाट पानी पनि कटाउनु पर्ने र उक्त कटान गरिएको माटोले पुरेर पार्किङ स्थल बनाउनको लागि गाउँपालिकाको प्रशासकीय भवन शिर्षकबाट रु ५० लाख ९६ हजार रकमान्तर गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा फोहरमैला व्यवस्थापनको लागि थप एक ट्र्याक्टर खरिद गरिएकोले उक्त ट्र्याक्टर संचालनको लागि एक जना ट्र्याक्टर चालक र १ जना सहयोगि साथै गाउँपालिकामा रहेको ट्रिपर संचालनमा ल्याउन एक जना हे. स. च. मनहरी गाउँपालिकाको करार सेवामा (श्रेणीविहिन कर्मचारी र प्राविधिक कर्मचारी) भर्ना सम्बन्धी कार्यविधि, २०७८ बमोजिम पदपुर्ती गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा गाउँपालिकाका सम्बन्धित शाखाबाट माग भई आएका र कानून मस्यौदा तर्जुमा सिफारिस समितिबाट दफावार छलफल गरी सिफारिस भई आएका तपसिल अनुसारका कानूनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

- गरिबसंग विशेश्वर शैक्षिक सहायता व्यवस्थापन कार्यविधि, २०८१
- मनहरी गाउँपालिका शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१
- शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- विपन्न परिवारको स्वास्थ्य गरिवसंग विश्वेश्वर स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८१
- मनहरी गाउँपालिकाको अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ३, ४, ५ को करिब १५०० हेक्टर क्षेत्रफललाई तरकारी जोन निर्माण गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापन एकाई, भरतपुर चितवनलाई सिफारिस गर्ने निर्णय गरियो ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...मकवानपुर
बागमती...

मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा मनहरी गाउपालिका क्षेत्रभित्रका सार्वजनिक, गैर नाफामुलक संघ/संस्थाहरु, विद्यालयहरु, वडा कार्यालयहरु र गाउँपालिकाको प्रशासकीय भवनको अनिवार्य रुपमा घर/भवन नक्सा पास तथा अभिलेखिकरण गर्न लगाउने र घर/भवन नक्सा पास शुल्क नलिने तर नक्सा बुकको शुल्क लिने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/८२ को स्विकृत वडागत/शाखागत योजनाहरु/कार्यक्रमहरु विविध कारणले कार्यान्वयन गर्न कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र प्राप्त हुन आएको हुदाँ तपसिल बमोजिमका योजनाहरुको शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

| क्र. सं. | साविक योजनाको /कार्यक्रमको नाम | श्रोत | विनियोजित रकम | क्र. सं. | संशोधित योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|---|---|---|
| १ | लागुऔषध दुर्व्यसन रोकथाम तथा जनचेतनामुलक कार्यक्रम | राजश्व बाडँफाड स्थानीय | ४५०००० | १ | लागुपदार्थ दुर्व्यसनीमा परेका व्यक्तिहरुलाई सामाजिक पुनर्स्थापनाको लागि सिआन पुर्नस्थापना केन्द्र, हेटौडा – ९ अनुदान | ७,००,०००/- |
| २ | मानव सेवा आश्रम संचालन अनुदान | राजश्व बाडँफाड स्थानीय | ३००००० | | | |
| ३ | जनजाती उत्थान प्रा. वि. डिपाट कम्पाण्डवाल निर्माण | राजश्व बाडँफाड स्थानीय | ३००००० | २ | डिमडुङको जग्गा देखी दक्षिण रासी खोला सम्म जाने सडक वडा नं. ६ | |
| ४ | तल्लो मकरी छेउटोल [illegible]ुवेदीको घरनिर बाटो मर्मत | राजश्व बाडँफाड स्थानीय | ३००००० | ३ | तल्लो मकरी बाटो स्तरीकरण उपभोक्ता समिति वडा नं. १ | ९,००,०००/- |
| ५ | तल्लो मकरी राधा कृष्ण चोक बाटो स्तरीकरण | राजश्व बाडँफाड स्थानीय | ३००००० | | | |
| ६ | मकरी पुच्छर ओरालो बाटो ढलान | राजश्व बाडँफाड स्थानीय | ३००००० | | | |
| ७ | लामिटार चेपाङ बस्ती बाटो स्ल्याव ढलान | राजश्व बाडँफाड स्थानीय | ४००००० | ४ | कौगेडी अघिल्लो बाटो स्ल्याव ढलान | १ लाख |



रमेश सुवेदी
प्रमुख प्रशासकीय

रञ्जन कालाखेती

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा आ.व. ०८१/०८२ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि अनुसूची २ बमोजिमको योजना छनौट गरी बजेट बाडँफाड गर्ने निर्णय गरियो ।

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा सवारी साधन ईन्धन तथा मर्मत संभार सम्बन्धमा अनुसुत्रि -३ बमोजिमको निर्णय गरियो ।

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि घरघरबाट फोहोरमैला संकलन गर्ने कार्य कार्यालयबाटै हुँदै आएकोमा सोको प्रभावकारी व्यवस्थापनका लागि सुझाव प्रदान गर्न उप समिति निर्माण गरी प्रतिवेदन समेत प्राप्त भएकोमा सोको कार्यविधि, आवश्यक कानूनी प्रबन्ध लगायतका विषयमा विज्ञ (समूह) बाट परामर्श समेत प्राप्त गर्नु पर्ने भएकोले यस आ.व. का लागि तपसिल बमोजिमको व्यवस्था गरि घटाघटवाट ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

तपसिल :

क) हाल साविक मनहरी क्षेत्रबाट मात्रै फोहोरमैला संकलन भएको र साविक हाडींखोला क्षेत्रमा पनि संकलन गर्नु पर्ने भएकोले कार्यालयले गत वर्ष वार्षिक रुपमा गरेको सम्बन्धित शिर्षकको खर्च ( ड्राईभर, सहयोगि तलब, ट्रयाक्ट्रर ईन्धन, मर्मत आदी) को अंकलाई लागत अनुमान (अधिकतम मान्य अंक) कायम गर्ने ।

ख) हाल फोहोर मैला संकलन शुल्क नउठाईएको हुनाले ठेक्का लागेपछि प्रति घर/पसल/व्यवसाय तपसिल बमोजिमको दरमा फोहोरमैला संकलन शुल्क उठाएमा कवोल अंकको आधा रकम सम्म मात्र सम्बन्धित ठेकेदारलाई भुक्तानी दिने गरी शर्त कायम गर्न सकिने ।

तपसिल :

| क्र. सं. | विवरण | शुल्क प्रति महिना | कैफियत |
|---|---|---|---|
| १ | आवसिय घर | ३० | |
| २ | पसल | ९० | |
| ३ | खाना/खाजा घर | १०० | |
| ४ | होटल/ गेष्ट हाउस | १०० | |

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।



मनहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

अनुसूची -१

मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. २ संग सम्बन्धित

| क्र.सं. | व्यक्ति संस्थाको नाम/ ठेगाना | विवरण | खर्च व्यहोर्ने शिर्षक | भुक्तानी हुने रकम |
|---|---|---|---|---|
| १ | भुन्द्रुङ्ग बस्तिपुर काठेपुल निर्माणको | मिति २०८१/१६ गते छुट्याईएको रकममा प्राविधिक ईस्टिमेट बमोजिम अपुग रकम | विपद् व्यवस्थापन कोष | ५५ हजार |
| २ | ढेडुवा खोला टोलको बाटो सरसफाई | मनसुनजन्य विपद्का कारण प्रभावित | विपद् व्यवस्थापन कोष | ३७ हजार |
| ३ | विनयबावु भलिवल कप प्रतियोगितामा सहभागि हुन | वडा नं ४ का भलिबल खेलाडीहरुको लागि खेलकुद सामाग्री र यातायात खर्च | खेलकुद विकास कार्यक्रम तथा खेलकुद सामाग्री | ३० हजार |
| ४ | वडा नं. ७ को मनकामना मन्दिर दसैं, तिहार तथा छठ पर्वको अबसरमा रगंरोगन, रोटे पिङ, तथा झिलिमिलि बत्ती | दसैं, तिहार तथा छठ पर्वको अबसरमा रगंरोगन, रोटे पिङ, तथा झिलिमिलि बत्ती | उद्योग वाणिज्य संस्कृति पर्यटन अनुगमन तथा खाद्य सुरक्षा कार्यक्रम | १ लाख |
| ५ | रमा कुमारी थापा मगर वडा नं. ५ | क्यान्सर रोगको उपचारको लागि आर्थिक सहायता | आर्थिक सहायता | २५ हजार |
| ६ | नयाँ गोरेटो पुर्स्थापना केन्द्र | वडा नं. ४ निवासी श्री धर्म घिमिरेको सामाजिक पुनस्थापनको लागि | लागुऔषध दुर्वयसन रोकथाम तथा जनचेतनामुलक कार्यक्रम | ३० हजार |
| ७ | ईलाका प्रहरी कार्यालय, मनहरी, मकवानपुर | सि. सि. क्यामरा जडान तथा मर्मत | अन्य सार्वजनिक निर्माण | आवश्यकता अनुसार |
| ८ | जिल्ला प्रहरी कार्यालय, हेटौडा, मकवानपुर | सवारी साधन मर्मत र ईन्धन खर्च | अन्य सार्वजनिक निर्माण | जि. प्र. का. बाट प्राप्त विल अनुसार |
| ९ | ट्राफिक प्रहरी कार्यालय, सुनाचुरी, मनहरी मकवानपुर | निर्माणाधिन कार्यायलय व्यवस्थापनको लागि जय लक्ष्मी हार्डवेयरको पेश भएको विल भर्पाई बमोजिमको रकम | आर्थिक साहायता | ३५ हजार |

रमेश मरेदी
प्रमुख प्रशासकिय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची -१

मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. २ संग सम्बन्धित

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | विद्युतीय पोल स्थान्तरणको लागि ७०% सम्झौता बमोजिमको अपुग रकम वडा नं. ५ | नेपाल विद्युत प्राधिकरण ( भुक्तानी अनुमोदन) | निर्मिति सार्वजनिक सम्पती मर्मत | २ लाख ४० हजार ८ सय |
| ११ | च्यापल उकालोदेखी सीता मा.वि. जाने सडक स्तरीकरण | वडा नं. २ | अध्यक्ष विकास कोष/उपाध्यक्ष विकास कोष | ३५ लाख |
| १२ | लोथर फरिवाङ सडक मर्मत | वाटो मर्मत/ संभार सरसफाई/ | विपद् व्यवस्थापन कोष | ३ लाख ७३ हजार |
| १३ | ठाडोखोला खोल्सी संरक्षण वडा नं. ३ | खोल्सी संरक्षण गरी वाल निर्माण | पुल निर्माण | ३ लाख १०.हजार |
| १४ | शान्तीमाया राई वडा नं. ६ | आवास व्यवस्थापन | आर्थिक सहायता | ४९ हजार |
| १५ | जोसिल खत्री | श्रवण क्षमता बढाउने उपकरण खरिद | आर्थिक सहायता | १ लाख |
| १६ | रमनटार युवाक्लब, मनहरी-७, मकवानपुर | २०८१/०७/०८ देखि ०७/१६ सम्म फुटबल खेलकुद प्रतियोगिता सञ्चालन भएको | खेलकुद विकास समितिको निर्णय अनुसार खेलकुद सञ्चालन तथा व्यवस्थापन | ४० हजार |
| १७ | फुटबल क्लव मनहरी, मनहरी-७, मकवानपुर | २०८१/०८/१५ देखि २०८१/०८/२३ गते सम्म दोश्रो स्व. गोकुल राउत स्मृती खुल्ला नकआउट फुटबल प्रतियोगगिता सञ्चालन भएको | खेलकुद विकास समितिको निर्णय अनुसार खेलकुद सञ्चालन तथा व्यवस्थापन | १ लाख |
| १८ | ज्यामिरे सिंचाई योजना वडा नं. ९ | वडा नं. ८ र ९ को संयुक्त मुहान सरसफाई | अन्य सार्वजनिक निर्माण | १ लाख ४० हजार |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कलाखेती
अध्यक्ष

अनुसूची - २

मिति २०८१/०८/२० गते छैठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. १७ संग सम्बनधित

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आ.व. २०८१।०८२ को लागि वडागत रुपमा सिफारिस भएका आयोजनाहरु

| वडा नं. | आयोजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | • चकरी तल्लो पुच्छार पैदल मार्ग निर्माण<br>• मकरी गोगनपानी पैदल मार्ग निर्माण | |
| २ | • झुल्यान कुलो मर्मत तथा निर्माण | |
| ३ | • लामिटार कालो पत्रे सडकको एक छेउ वृक्षारोपण गर्न खोल्डो खन्ने काम<br>• सिद्धकाली मुरलि चोक हुदै कामि डाँडा जाने बाटो मर्मत<br>• ३ नं. वडा कार्य र स्कुल अगाडिको झाडी सुधार तथा बाटोको नाला सरसफाई<br>• सुकौरा च्यान डाँडा जाने बाटो मर्मत<br>• लामीटार मुल बाटो नाला सरसफाई<br>• हाँडिखोला स्वास्थ्य चौकी जाने बाटो सहित अन्य ३ स्थानमा काम गर्ने<br>• राम मार्ग वडा कार्यालय आउने बाटो झाडि सुधार<br>• अन्य आवश्यक ठाउँहरुमा कुलो निर्माण तथा स्लाब ढलान | |
| ४ | • मसिने खोला पाईप पुर्ने कार्य<br>• काङ्ग्रेस चोक खुड्किलो बाटो निर्माण<br>• ट्वाङ्ग्रा मसिने बाटो पहिरो जालि भर्ने कार्य | |
| ५ | • दर्दरा डिल्लिपुर मुल सडकको नाला सरसफाई गर्ने<br>• बक्कु दमार खानेपानी पाईपलाईन खन्ने पुर्ने | |
| ६ | • सुनांचुरी, जोगिताल र खयरघारी कुलो सरसफाई | |
| ७ | • रमनटार नाला निर्माण<br>• नरिवल बगैँचा गोडमेल रमौली | |
| ८ | • सिचाईको लागि कुलो खन्ने<br>• खानेपानीको लागि कुलो खन्ने | |
| ९ | • ज्यामिरे सिंचाई नहर सरसफाई – ज्यामिरे<br>• रजैया बाटो नाला निर्माण - रजैया | |



रमेश ...   ... खालाखेती

अनुसूची - २

मिति २०८१/०८/२० गते छैठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. १७ संग सम्बनधित

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०८१।०८२ को वडागत अनुमानित बजेट तथा कामदार विवरण

IDA अन्तर्गत ( रु २८,००,०००।- )

| वडा नं. | सूचिकृत बेरोजगार संख्या | काममा लगाउन सकिने संख्या | जम्मा दिन | दैनिक ज्याला रकम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २२ | ५ | ५०० | ७०४।- | ३,५२,०००।- |
| ६ | ६२ | १० | १००० | ७०४।- | ७,०४,०००।- |
| ७ | २९ | ६ | ६०० | ७०४।- | ४,२२,४००।- |
| ८ | ४९ | ९ | ८७७ | ७०४।- | ६,१७,४०८।- |
| ९ | ५९ | १० | १००० | ७०४।- | ७,०४,०००।- |
| जम्मा | २२१ जना | ४० जना | ३९७७ दिन | ७०४।- | २७,९९,८०८।- |

नेपाल सरकार अन्तर्गत ( रु १७,२२,०००।- )

| वडा नं. | सूचिकृत बेरोजगार संख्या | काममा लगाउन सकिने संख्या | जम्मा दिन | दैनिक ज्याला रकम | रकम रु. |
|---|---|---|---|---|---|
| २ | २७ | ७ | ६३७ | ७०४।- | ४,४८,४४८।- |
| ३ | १६ | ५ | ४५५ | ७०४।- | ३,२०,३२०।- |
| ४ | १४ | ५ | ४५५ | ७०४।- | ३,२०,३२०।- |
| ५ | ५३ | १० | ८९९ | ७०४।- | ६,३२,८९६।- |
| जम्मा | ११० जना | ४० जना | २४४६ दिन | ७०४।- | २७,२१,९८४।- |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष